# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०४/०७

चौथो अधिवेसन

(३१औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको ३१औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**माननीय पूर्णा जोशी :-** माननीय सभामुख महोदय, डोटी जिल्ला अर्न्तगत जोरायल गाउँपालिका वडा नं.४ को वडा कार्यालयमा अज्ञात समुहले आगजनी गरेर आगो लगाएको छ । वडा कार्यालयमा सम्पूर्ण कागजातहरु, अभिलेखहरु आगलागिबाट नष्ट भएका छन् । जनप्रतिनिधीहरुलाई निरन्तर रुपमा चन्दाको नाममा दिईने आतंकबाट सबै जनप्रतिनिधीहरु त्रसित भएको अवस्था छ । निरन्तर रुपमा चन्दा मागि रहदा खेरि वडा अध्यक्षले विकास बजेटबाट चन्दा दिन नसक्ने किसिमको प्रतिक्रिया दिई सकेपछि सो घटना घट्न गएको भन्ने कुराहरु आईरहेको छ । म माननीय सभामुख महोदय मार्फत प्रदेश सभा सरकार मन्त्रीपरिषद्को पनि ध्यानाकर्षण गराउन चाहान्छु । धेरै जसो वडा अध्यक्ष गाउँपालिकाका अध्यक्ष उपाध्यक्षज्यूहरु र जनप्रतिनिधिहरु अहिले चन्दा आतंकबाट त्रसित हुनुहुन्छ । यो बाताबरण अन्त्यको लागि तत्काल द्वोन्दरत पक्षसँग बार्ताको बाताबरण निर्माण गरेर ढुंक्कसँग जनताका काममा लाग्नका लागि जनप्रतिनिधीहरुलाई त्यो आसवासन दिने बाताबरण निर्माण गर्नको लागि म माननीय सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । धन्यवाद ।

२. **माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

**"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह** :- माननीय सभामुख महोदय, **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम(१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**४. माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

**५. माननीय सदस्यहरू,**

अब, "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम मा० महेश दत्त जोशीलाई समय दिन्छु ।

माननीय महेश दत्त जोशी :- माननीय सभामुखज्यू, प्रदेश लोकसेवा आयोग गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ समिति संसदीय समिति विधायन समितिबाट छलफल भएर सदनमा पेश भैसकेको अवस्थामा यो विधेयक संविधानको धारा २४४ अर्न्तगत टेकेर आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । कि यो विधेयक महत्वपूर्ण विधेयक प्रदेश सरकारको लागि यो लोकसेवा आयोग गठन गर्न महत्वपूर्ण विषय हो । हालाकी यो प्रदेश सभाले यो विधेयक समयमै ल्याएको छ भन्न सकिन्छ किन की यो पहिलो अवस्थामा भएकोले यो विधेयकले यस पछिका प्रदेश सरकारहरुलाई ठुलो सहयोग गर्नेछ । यो एक किसिमको पुरा सरकार पुरा हुने अवस्थामा लोकसेवा आयोगको महत्वपूर्ण भूमिका हुन्छ । हामीले भन्दै गरेको स्थायी सरकार यसपछि आउने हाम्रो निजामति प्रशासन विधेयक, प्रदेश प्रहरी विधेयक लगायतका विधेयकहरु यो विधेयकसँग सम्बन्धित हुन्छन यो आयोगले नै प्रदेशको निजामति कर्मचारीहरुको भर्ना र संचालन प्रक्रिया गर्दछ । प्रदेशका प्रहरीको भर्ना र संचालनको प्रक्रिया गर्दछ यो आयोगले त्यसैले यो महत्वपूर्ण आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो सदनमा आएको छ र यो महत्वपूर्ण विधेयक माथि यो

गरिमामय सदनले चासोका साथ हेरि रहेको छ । समितिमा पनि व्यापक छलफल भएर आएको कुरा हामीले बुझेका छौ र म विधायन समितिलाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु । व्यक्तिगत तवरले माननीय सभामुखज्यू मार्फत र यो विधेयक पारित भैसकेपछि प्रदेशको लोकसेवा आयोग गठन हुनेछ ३ जना बढीमा ३ जना त्यसमा महिला सहित ३ जना भनेर यो भनिएको छ । यो महत्वपूर्ण आयोग हुनेनै छ । हाम्रो देशमा कानूनको कुरा गर्दा खेरि पहिलो संविधान २००४ संबैधानिक नेपाल कानून जो भनिएको छ । धेरै लामो ईतिहास भएको छैन । लिखित कानूनको अभ्यास गरेको हामीले धेरै लामो समय भएको छैन । कानूनी राज्यकै लागि लामो संर्घष र लडाई भएको छ र अब हामी कानूनी राज्य मार्फत जाने हामीले सुनेका छौ । हुकुम प्रवाडी सचिवहरुले यो मुलुक चलाएको भर्खरै बहुदलिय व्यवस्था आएपछि पनि ती हुकुमप्रवागिङ सचिवहरुले मन्त्रालय चलाई रहेका थिए यो गरिमामय सदनमा थाहा होला नामै नभनौ भर्खरै केहि व्यक्तिहरु रिटायर भएका छन् मन्त्रालयका सचिवहरु हुकुम प्रवागिको आधारमा योग्यता हेरिएन उनिहरुलाई मन्त्रालयका महत्वपूर्ण सचिवको जिम्मेवारी आयोगका महत्वपूर्ण जिम्मेवारी दिईयो यो व्यवस्था भर्खरै अब हामीले संघीय लोकतान्त्रिक संविधान प्राप्त भएपछि अब कानूनी राज्यतिर हामी गैरहेका छौ । अब हामी कानूनले निर्देशित गरेर राज्य संचालन हुनुपर्छ । कानूनको मातहतमा सबै राज्यका शक्तिहरु बस्नुपर्छ । सबै राज्यको मुख्य संक्ति भनेको कानून हो सर्वपरी भनेको कानून हो भनेर हामीले संविधानमा व्यवस्था गरिसकेपछि यो ऐनले महत्वपूर्ण भूमिका खेल्छ र यो आज पारित हुने सर्वसम्मत रुपमा पारित हुने यो सुखद अवसरमा म सुदूरपश्चिम प्रदेश सभा गरिमामय सदनलाई हृदयदेखि नै हार्दिक आभार प्रकट गर्न चाहान्छु कि यो जनताको सरोकार राख्ने ऐन बन्ने छ । यो जनताको सरोकार राख्ने ऐनको रुपमा यो प्रदेश सरकार स्थायी सरकार जन्माउने ऐनको रुपमा यो विधेयक आएको छ । अहिले सम्म हामीले लगभग २९ वटा विधेयकहरुलाई पारित गर्यौ जसमा धेरै नियम सरकारले नै पालना गर्नुपर्ने ऐनहरु छन् । अलिकता जनतासित सरोकार राख्ने ऐनहरु पनि छन् । विषयगत हेर्दा खेरि केहि त सरकारले नै सुशासन ऐन जस्ता कुरा त सरकारकै कार्यक्षेत्रमा र सरकारले नै पालना गर्नुपर्ने ऐनहरु हुन्छन् अब जनताले केहि त स्थानीय तहले पालना गर्नुपर्ने ऐनहरु छन् ती पनि राजनैतिक वृत्तका ऐनहरु हुन्छन् भने यो ऐन समग्र जनतालाई सुदूरपश्चिमको समग्र जनतालाई आकशित गर्ने ऐनको रुपमा यो ऐन आएकोले यो चर्चित ऐन र यो जनताले सरोकार राख्ने ऐन भएकोले आजको दिन सुदूरपश्चिम प्रदेश बासिका लागि सुखद हुने छ । यसपछि सरकार पूर्ण रुपमा सपाङ्ग हुनेछ । अहिले हामी अपाङ्गको रुपमा हेरिराखेका छौ राजनैतिक वृत्तमा एउटा सरकार छ । हामीले किसानले अर्काको साधन मागेर खेति गरेको अवस्थामा कस्तो हुन्छ । अर्काको ट्याक्टर मागेर उसले खेति गर्दा कति पिडा होला आफ्नै खेतमा आफ्नै साधन भएर खेति गर्दा कति उत्पादन र क्षेमता विकास होला किसानको त्यस्तै हाम्रो सरकारको अवस्था भएको छ । अरुका कर्मचारी मागेर नियन्त्रण अन्तै छ कर्मचारी साथिहरुको उनिहरुको सेवा सुविधा र बढवा गर्ने, घटुवा गर्ने, नियन्त्रण गर्ने, पुरस्कार दिने, दण्ड सजाय दिने अर्काले गर्ने तर काम हामीले दिने कस्तो अफ्ठ्यागोमा हामीले सरकार संचालन गरिरहेका छौ तै पनि सरकारले कतिपय कुराहरु गर्न सकेन भन्ने आलोचना पनि खेपि रहेको यो अवस्थामा यो यथार्थ कुरा के हो भने यो आयोगले अब सरकारलाई ठुलो सघाउ दिने छ । एउटा राम्रो जनशक्ति दिने छ । एउटा दक्ष जनशक्ति दिनेछ । कानूनी राज्य अर्न्तगत कुनै पक्षवात नगरि कुनै हुकुमले होईन कानूनको मातहतमा चाहि आयोगले अब निजामति प्रशासनिक ऐन ल्याई सकेपछि आयोगले विज्ञापन खोल्ने छ र यो प्रदेशका योग्य यो देशका योग्य नागरिकहरुले सुदूरपश्चिमका कर्मचारीको रुपमा नियुक्ति पाउनेछन् । त्यसपछि सरकारले व्यवस्थित ढंगले आफ्ना काम कारवाहीहरु अगाढी बढाउने छ । हामी पहिलो चरणमा छौ केहि अप्ठ्याराहरु छन् ईतिहासमा धेरै समस्याहरु छन् । हामीले अहिले पनि राणा शासनमा पारित भएका केहि ऐनहरु विस्तापित गर्नुपर्ने,

त्यसपछि पंचायत कालमा भएका केहि ऐनहरुलाई विस्तापित गर्नुपर्ने, यो संविधानसित नबाभिने गरि नया ऐनहरु पारित गर्नुपर्ने अहिले पनि कतिपय ऐनहरु हामीले देख्यौ संघीय सरकारमा संशोधनको रुपमा आईरहेका छन् । नितान्त नया रुपमा आउनुपर्ने कतिपय अप्ठ्याराहरुलाई हामीले संशोधन यति संख्यामा भनिरहेका छौ । भूमि व्यवस्था सम्बन्धी ऐन संशोधन यति संख्या भनेर अहिले पनि हामी संशोधनको अवस्थामा छौ । सभामुख महोदय, अब हामीले संशोधन होईन नयाँ मुल कानूनको रुपमा नयाँ ऐनहरुलाई स्थापित गर्नुपर्छ जसरी यो ऐन नितान्त ऐन हो । प्रदेश लोकसेवा सम्बन्धि व्यवस्था गर्न बनेको यो ऐन जस्तो ऐन अहिले सम्म हामीले बनाएका थिएनौ यो नया ऐनको रुपमा हामीले प्राप्त गरेका छौ । यस्तो ऐनले संविधानलाई कार्यान्वयन गराउछ । यस्तो ऐनले यो व्यवस्थालाई बलियो बनाउछ यस्तो ऐनले हामीले खोजेको राज्य व्यवस्था संचालनको प्रक्रियालाई सघाउ पुऱ्याउछ । सभामुख महोदय त्यसैले हामीले के अपेक्षा गरेका छौ भने अब छिट्ट अरु मन्त्रालयले पनि आवश्यक ऐनहरु, जनतालाई सरोकार राख्ने ऐनहरु प्रदेश संचालनमा सघाउ पुऱ्याउने ऐनहरु, कानूनी राज्यको अवधारणलाई स्थापित गर्ने ऐनहरु छिट्टै सबै मन्त्रालयले ल्याउनु पर्दछ । अलिकता ढिला सुस्ती गर्दा खेरि अलिकता समयलाई उता घर्काउदा खेरि अलिकता समस्या हुन सक्छ त्यसैले सभामुख महोदय, यो ऐन आएको छ र समिति मार्फत अलिकता प्राविधिकका समस्या देखिएको छ । हामीले छलफल गर्यौ हाम्रो संविधानले समावेशि र समानुपातिकको सिद्धान्तलाई अंगिकार गरिसकेको छ । त्यो कुरालाई कसैले काट्न सक्दैन त्यो कुरालाई काट्न खोज्ने ऐन आफै विस्तापित हुन्छ । आफै खारेज हुन्छ समानुपातिक र समावेशिको सिद्धान्तलाई काट्ने गरि यदि ऐन आयो भने त्यो ऐन आफै निरस्त भएर जान्छ । त्यसैले त्यो काट्ने कुरा हुदैन त्यो तर यहा अलिकता प्राविधिक हिसाबले हाम्रो के कुरा आएको छ भने परीक्षा प्रणाली भित्र जब हामी जान्छौ तब हामीले समावेशि र समानुपातिकको कुरा हुदैन त्यहा सेक्टर छुट्याएको हुन्छ । महिलाको कलस्टर छुट्याएको छ, आदीवासिको कलस्टर छुट्याएको छ, दलितको कलस्टर छुट्याएको छ । त्यो निर्वाचनको प्रक्रिया त्रि जादा खेरि त कोड सिस्टम हुन्छ त्यहा कसैको नाम हुदैन त्यहा माथि त्यसैले त्यहा तल कोड हालेको हुन्छ परीक्षा कापि जाच्नेले बुझ्दैन कि कुन व्यक्तिको कापी मैले जाचिरहेको छु । त्यो दलितकोजाचीरहेको छ वा कुन व्यक्तिको जाचिरहेको छ त्यहा भित्र त्यो परीक्षा जाच्नेलाई, परीणाम दिनेलाई हामीले समावेशि र समानुपातिक परिणाम ल्या भन्न मिल्दैन त्यसैले हामीले अलिकता छलफल गर्दा खेरि अलिकता हामीले यसलाई सच्याउनु पर्छ सभामुख महोदय जुन हामीले प्रस्तावनामा छलफल गरेका छौ र हामीले कारणमा के दर्साएका छौ भने संविधानको मर्म बमोजिम समानुपातिक र समावेशि राख्न आवश्यक देखिएकोले भनेर हामी कारण सहित दफा २ मा हामीले जुन समितिमा ल्याएका छौ मर्म भनेको संविधानको मर्म विपरितका कानून जानै सक्दैन यो ऐन जानै सक्दैन यो कर्म बमोजिम भन्न खोजेको होईन संविधान बमोजिम जाने हो ऐन मर्म बमोजिम होईन कि संविधान बमोजिम नै ऐन जाने भएकोले यो अलिकता हाम्रो बुझाईमा अलि स्पष्टता भएको छैन सभामुख महोदय, यसलाई सच्याईयोस भन्ने मैले आग्रह गर्दछु सभामुख महोदय यो संविधान बमोजिमकै यो ऐन छ संविधानको धारा बमोजिम नै यो ऐन आएको छ र यो उपयुक्त ऐन आजै सर्वसम्मत रुपमा पारित गरियोस भन्ने मेरो अनुरोध सभामुख मार्फत यो गरिमामय सदनलाई छ र यो बुझाई स्पष्ट पनि भैसक्या छ सभामुख महोदय, धन्यवाद ।

**मा० भरत बहादुर खड्का** :- सभामुख महोदय, सभामुखज्यूको अनुमतिले म केहि कुरा राख्न चाहान्छु । हिजो महामानव विपि कोईरालाको ३७औं पुण्यस्मृति दिवश आज पुष्पलाल जीको ३१औं पुण्य दिवश हो यि दुवै महान पुरुषलाई म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । जहासम्म प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य अधिकारको व्यवस्था सम्बन्धीको जो विधेयक छ । यो अत्यन्तै महत्वपूर्ण

विधेयक हो । बास्तवमा हाम्रो बर्तमान संविधानमा अहिले धेरै आयोगहरु पनि गठन गरेका छौ । ती आयोगहरुलाई अब हामी कसरी व्यवस्थापन गर्छौ र त्यसबाट कस्तो प्ररिणिति दिन्छौ भन्ने कुराहरु त्यो भोलीका दिनमा हाम्रो क्रियाकलापले निर्धारण गर्ने छ । जहासम्म लोकसेवा आयोगको कुरा गर्दा यो मुलुकमा एउटा विश्वसनिय आयोगको रुपमा लोकसेवा आयोग रहेको छ र बास्तवमा जहा कर्मचारीतन्त्र निष्पक्ष र स्वतन्त्र हुन्छ त्यो देशले गति लिएको हुन्छ । किन भने त्यो स्थायी सरकार पनि हो त्यो किसमको सिष्टम हामीले बसाल्न सक्यौ कि सकेनौ त्यो पनि विश्लेषणको पटोको रुपमा छ जसले गर्दाखेरि आज आएको विकृति विसंगतिले गर्दा हाम्रो प्रशासनिक क्षेत्र कुन अवस्थामा छ । अब यि कुरालाई हेरेर अबका दिनमा हामीले निजामति कर्मचारी प्रशासन देखि अन्य सेवाका कर्मचारीलाई कसरी व्यवस्थापन गर्दा परिवर्तन पछि जनताले पाउँने अनुभूति र परिणाम पाउनु पर्छ त्यसको लागि हामीले आफ्नो कार्यनीति त्यहि ढंगले बढाउनु पर्छ र आज संविधानले निर्धारण गरेकै कुराको आज हामीले सरकारले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी हामी एउटा विधेयकलाई कानूनको रुप दिदैछौ । म समितिका सभापतिज्यू लगायत समितिका सम्पूर्ण सदस्यज्यूहरुलाई सभामुख मार्फत हार्दिक धन्यवाद दिन चाहान्छु । धेरै मेहनत गरेर उहाहरुले यो प्रतिबेदन पास गर्नु भएको छ । सदनमा प्रस्तुत गराउनु भएको छ र अघि पनि माननीयजीले महेश माननीयजीले पनि भनिसक्नु भएको छ । यो निजामति ऐनमा आउने कुरा संविधानले समावेशि, समानुपातिक संविधानमा व्यवस्था भएको कुराहरु छ । जसमा खस आर्यको प्रतिशत, जनजातिको, दलितको, महिलाको, मुस्लिमको, थारुको सबैको संवैधानिक रुपमा व्यवस्था गरेको हुनाले भोली निजामति सेवा ऐन बनाउदा संविधान बमोजिम नै त्यो अगाढी बढ्छ संविधानसँग बाझिएका कुनै पनि ऐनहरु ती अमान्य हुन्छन यो लोकसेवाको एउटा जाच प्रक्रियामा समावेश हुने कुरा हो संविधान बमोजिम त्यसैले गर्दाखेरि यहा अलिकति शब्दहरु कुन ठाउँमा राख्दा उपयुक्त हुन्छ भन्ने बारेमा हामीले धेरै विचार विमर्श गर्यौ र एउटा सहमतिमा पुग्यौ कतिपय संविधानलाई प्रभाव पार्ने भोली आफुले बनाएको कानून आफ्नै लागि एउटा जटिल बन्ने जसले समस्या खडा गर्छ त्यसको बारेमा केहि हामीले समयमा त्यसको उपचार गर्न सकेनौ भने त्यो हाम्रै लागि समस्या हुन्छ भनेर सभामुखज्यूको आग्रहमा हामी छोटै समयमा केहि जना बसेर यसलाई यो ढंगले व्यवस्थापन गरेर राम्रो होला भनेर यो छनौट प्रक्रिया भनेको एउटा निश्पक्ष र स्वच्छ हुनुपर्छ र यसमा समावेशिता र समानुपातिक हुदैन त्यो म्यान्डेटरी संविधानले व्यवस्था गरेको विज्ञापन गर्दा त्यो अनुसार महिला, दलित जनजातिहरु त्यो कलस्टर भित्र पर्छन त्यसैले गर्दाखेरि त्यो निजामति सेवा ऐन बनाउदा त्यसलाई त्यहि ढंगले व्यवस्थापन गर्नु भन्ने हाम्रो संवैधानिक व्यवस्था भएको हुनाले यो शब्दलाई त्यहि ढंगले हामी व्यवस्थापन गर्न सभामुखज्यूलाई हामी आग्रह गर्न चाहान्छौ । साथै २-३ वटा कुराहरु यहा के छ भन्दा खेरि यो परिच्छेद ४ को १ को ४ मा अध्यक्ष वा सदस्य विरुद्धको आरोपको प्रस्ताव छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ भन्दा ठिक होला कि कानून बमोजिम हुनेछ अनि तोकिए बमोजिम भन्दा कानून बमोजिम भन्दा अलि राम्रो होला भन्ने मलाई लाग्छ र यसको ५४ मा आयोगको परामर्श कार्यान्वयन गर्ने सम्बन्धी जो ५४ मा छ १ मा परामर्श माग्ने पदाधिकारीको दायित्व हुनेछ, २ मा परामर्श कार्यान्वयन गर्न नसकिने भएमा कारण खोली पुनः विचारको लागि लेखि पठाउने भनेको छ, ३ मा औचित्यको आधारमा पुनः परामर्श दिन सकिने छ भन्या छ यो ठिक छ तर त्यो परामर्श कार्यान्वयन हुन सकेन भने के गर्ने भन्ने विषय मौन छ त्यसमा त्यसैले गर्दा खेरि यि कुराहरुलाई पनि हामीले स्पिष्ट पार्नु पर्छ जस्तो मलाई लाग्छ । ६१ मा विभागिय कारवाहीको लागि लेखि पठाउने भनेको छ । त्यसको १ देखि ४ सम्म अनियमितता कार्य गरेको खण्डमा या विभागिय कारवाहीको हकमा तेस्रोमा हटाईएको कर्मचारीको अभिलेख राखि भविष्यमा संचालन हुने परिक्षामा संलग्न हुन नपाउने भनेको छ, ४ मा हटाईएको कर्मचारीको विवरण सार्वजनिक गरी लोकसेवा

आयोगमा पठाउनु पर्नेछ भन्या छ । संविधानले मान्छे मारे पनि उसलाई सफाई दिने मौकाबाट बञ्छित गरिनु हुदैन भन्या छ एकचोटिको लागि उसलाई सफाई दिने मौकाको पनि व्यवस्था गर्नुपर्छ जस्तो मलाई लाग्छ । त्यसैले गर्दा खेरि धेरै सुधार गर्नुपर्ने त छैन केहि सामान्य कुराहरु छन् किन भन्दा ऐन भनेको कुरा पटक पटक बदलिने विषय छैन लोकसेवा आयोग यो विधेयक प्रदेशको अत्यन्त महत्वपूर्ण छ । निश्चित रुपमा यो ऐन बनी सकेपछि प्रदेश सरकारलाई धेरै बाटो खुला हुन्छ र त्यसै गरि प्रदेश भित्र कर्मचारीहरुको खटन, पटन, व्यवस्थापन गर्ने कुराहरु सहज हुन्छ जसले भोली सरकारका काम कारवाही र सेवाहरुलाई विस्तार गर्न सकिन्छ सहज ढंगले सरोकारवालाले त्यो सेवालाई प्राप्त गर्न सक्छन यो विधेयक आफैमा महत्वपूर्ण छ तर मेरो एउटा अनुरोध छ सभामुख मार्फत विधेयक हामीले आज जति पास गरे पनि त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयनको पक्षमा सरकारले दृढताका साथ अगाढी बढ्नु पर्छ । ऐन पास गर्दै जाने त्यो कार्यान्वयन पनि नगर्ने, परिणाम पनि नआउने हो भने त्यो ऐन पास गरेको अर्थ रहदैन । सुशासन ऐन पास गर्यौ त्यसको परिणाम सरकारबाट जुन ढंगले आउनु पर्ने हो त्यो आउन सकेन यो म धेरै व्याख्या गर्न चाहादिन यहा सबै जानकार हुनुहुन्छ । त्यसैले ऐन पास भैसकेपछि ऐन लागु भैसकेपछि त्यसको बास्तविक परिणाम सरोकारवालाले पाउन सकेन भने ऐन पास गरेको अर्थ रहदैन त्यसैले यसको प्रभावकारी कार्यान्वयनको लागि सरकार दृढताका साथ अगाढी बढ्नु पर्छ त्यसमा नेपाली कांग्रेस यो प्रदेशका रचनात्मक विकासका कुरा र जनताको सरोकारका विषयमा सरकारका साथमा रहेर काम गर्न तयार छ धन्यवाद ।

**मा० दुर्गा कुमारी कामी** :- माननीय सभामुख महोदय आज नेपाल कम्युनिष्ट पार्टिका सस्थापक महासचिव आदणीय कमरेड पुष्पलालको ४१औं स्मृति दिवश यो दिवशको अवसरमा सर्वप्रथम त म आदणीय कमरेड पुष्पलाल प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय, हिजो श्रावण ६ गते अछामको पञ्चदेवल विनायक नगरपालिका वडा नं.४ मा एउटा आफन्तको मलामी गएको अवस्थामा १३ बर्षिय बालक अमित विष्टको कर्णाली नदीमा डुवेर बेपत्ता भएको छ अहिले सम्म भेटिएको छैन । यसै गरि हिजो ६ गते नै धनगढीबाट गएको जीप अछाम जादै गरेको जीप डोटीमा दुर्घटना भएर ७ जना घाईते हुनुभाको छ । त्यसमा ३ जना गम्भिर घाईतको अवस्था गम्भिर छ । घाईतेहरुको उपचार अछामको बयलपाटा हस्पिटलमा भैराखेको छ । म घाईतेहरुप्रति स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहान्छु र उपचारको लागि तत्काल सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय, हाम्रो प्रदेशमा अत्यन्तै महत्वपूर्ण विधेयक प्रस्तुत भएको छ । लोकसेवा आयोग सम्बन्धी विधेयक यो सरकारले अत्यन्त सुझबुझका साथ यो प्रदेशलाई चुस्त र पुस्ट ढंगबाट अगाढी बढाउनका लागि अत्यन्तै मेहनतका साथ यो विधेयक ल्याएको छ । समितिमा दफावार छलफल पनि भैसकेको छ । माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ ले समावेशि सिद्धान्त लागु गरिसकेको अवस्था छ । त्यसो भएको हुदा यो विधेयकको एउटा प्रस्तावना नै समावेशि समानुपातिक समावेशि भन्ने शब्द थपिनु पर्छ भन्ने मलाई लाग्छ । हामीले संविधान विना कुनै कानून बन्न सक्दैनन त्यसो भएको कारणले ती कुराहरु थपिनु पर्दछ भन्ने कुराहरु राख्न चाहान्छु । त्यसको सँगसँगै दफा २ मा परिभाषाको कुराहरु छ । परिभाषामा एउटा अझै ९ नं. थपेर समानुपातिक समावेशि माथि संवैधानिक निकायहरुको कुरा यहा समावेश भैसकेको कारणले गर्दा समावेशि भन्नाले महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेरै, थारु, मुस्लिम समुनायलाई सम्झिनु पर्दछ भनेर यो ९ नं.मा थपिनु पर्दछ भन्ने सुझाव राख्न चाहान्छु । ११ को दफामा लोकसेवा आयोगको कार्यालय भन्ने कुरा छ । यो दस्तागत कुरा र विज्ञापनको जानकारी लिने कुरामा हाम्रो अहिले भैराखेको गाउँपालिका र नगरपालिकामा पनि लोकसेवा आयोगको एउटा कार्यालय हुनेछ भन्ने कुराहरु त्यसमा थप्दा खेरि अझै

राम्रो हुन्छ भन्ने मलाई लागेको छ । त्यसैगरि दफा १२ मा सम्बन्धित कर्मचारी सम्बन्धी व्यवस्था रहेको छ यो कर्मचारी व्यवस्थाको कुरा गर्दा खेरि सरकारले कर्मचारीको व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराहरुमा पनि तल समानुपातिक र समावेशि ढंगबाट कर्मचारीको व्यवस्थापन संख्या पदपूर्ति गर्दछ भन्ने कुरा त्यसमा थपिनु पर्छ भन्ने लाग्छ । त्यसै गरि दफा ३५ मा लिखित र प्रयोगात्मक नतिजा प्रकाशन गर्ने कुरामा यसमा पनि पहिला खुला प्रतिस्पर्धाबाट नतिजा प्रकाशन गर्नुपर्छ त्यसमा समावेशि, समानुपातिक समुहको नतिजा प्रकाशित गर्नु पर्छ भन्ने कुरा यसमा थपिनु पर्छ भन्ने मलाई लाग्छ त्यसपछि प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दाखेरि सर्वप्रथम खुला प्रतियोगिता समुहबाट हुनेहरुको एउटा हुनुपर्छ त्यसपछि समानुपातिक समुहको निकाल्नु पर्छ भन्ने कुराहरु थप्नु पर्छ भन्ने लाग्छ । अन्तरवक्ता भन्ने कुरा छ दफा ६ मा यसमा पनि पहिला खुलाको र त्यसपछि समानुपातिक प्रणालीबाट आउनेको चाहि निकाल्नु पर्छ । यो बुदा पनि थप गरिनुपर्छ भन्ने मलाई लाग्छ किन भने प्रत्येक्षमा मैले ९५ प्रतिशत ल्याउन सक्नु भने म महिला छु ९५ प्रतिशत मैले नम्बर ल्याउन सक्छु तर म खुलामा पनि प्रतिस्पर्धा गर्न सक्छु भने त्यो अप्सनहरु चाहि खुला दिनुपर्छ र बाँकी ७० प्रशेन्ट ल्याउने मान्छेले समानुपातिकबाट कम्पिटिसन गर्न पाउनु पर्छ यो अप्सनहरु चाहि खुला गरिनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु । त्यसै गरेर दफा ४२ को कुरा छ हामीले अस्थि यसमा चाहि धेरै समितिको बैठकमा पनि आमन्त्रितको हिसाबमा म लगायत केहि माननीयहरु उपस्थित हुनुभा थियो माननीय महेश दत्त जोशी पनि हुनुहुन्थ्यो, माननीय पूर्णा जोशी पनि हुनुहुन्थ्यो हामीले धेरै छलफल गरेका थियौ । यसमा पनि पहिला खुला तर्फको नतिजा प्रकाशन गर्नुपर्छ त्यसपछि समानुपातिकको गर्नुपर्छ भनेर धेरै छलफल गर्यौ मिटिङमा पनि त्यो कुराहरु ओके भनिसकेको कुराहरु पछि प्रतिबेदनमा त्यो कुराहरु आएको छैन तर यदि त्यो नआउथ्यो भने देखि चाहि हुदैन भन्ने खालको कुराहरु हुन्थ्यो तर समितिको सम्पूर्ण सदस्यले त्यो राख्नुपर्छ भनेर पास भैसकेको कुरा पनि प्रतिबेदनमा नआउदा पनि कहिले काहि यो टाईप मिस्टेक भाको कुरा हो कि भन्ने मलाई लागेको छ त्यसमा कर्मचारी हामी सबैले धेरै कुराहरु छलफल गरेर लास्ट त्यो फाईनलमा राख्नुपर्छ भन्ने कुरा थियो तर प्रतिबेदनमा आएको छैन किन भने कहिले काहि मन्त्रालयको हाम्रो योजनाहरुमा पनि नाम र ठेगानाहरु भित्र टाईप गर्नेबेला मिस्टेक भयो भनेर हामीले धेरै कुराहरु गरेका छौ र हामी महत्वपूर्ण अवसरमा छौ हामीले विधेयक कानून बनाउने जस्तो कुरा एउटा मात्रै शब्दले पनि धेरै कुराहरु चाहि फरक पार्छ हिजोका दिनमा त्यो काम मन्त्रालयका योजना त अर्को पटक पनि हाल्न सकौला तर यो महत्वपूर्ण विधेयक चाहि फेरी बनाउन सकिदैन त्यसो भएको कारणले गर्दा यसलाई टाईप गर्ने कुराहरु अथवा छुट्ने कुराहरुमा चाहि विषयगत समितिका सभापतिज्यूहरुले पनि अत्यन्त महत्वकासाथ हेरिनुपर्छ ध्यान दिनुपर्छ भन्ने कुराहरु चाहि राख्न चाहान्छु । त्यसै गरि मैले यो समितिको बैठकमा उपस्थित हुदा खेरि यो समितिकै छलफलमा करेक्सन भएको कुराहरु देखेको थिए । यसको २ परिभाषाको घ नं.मा चाहि नाति, नतिना भन्ने कुराहरु संशोधन समितिले संशोधन गरेको छ तर प्रतिबेदनमा त्यो कुराहरु आएको छैन अब यसलाई यि कुराहरु या टाईप गर्दा खेरि मिस्टेक भा का हुन या छुटेका हुन यी कुराहरु पनि महत्वका साथ हेरिनुपर्छ समितिमा छलफलमा एकखालको कुराहरु हुन्छ यता टाईप गरेर आउदा खेरि फाईनल भएर आउदा खेरि त्यहा थपिने कुराहरु, घट्ने कुराहरु, कुनै छुट्ने कुराहरुमा चाहि सक्दो ख्याल गर्नुपर्छ किन भने एउटा शब्दले चाहि अर्को अर्थ लगाईदियो भने हामी कानून बनाउने जस्तो महत्वपूर्ण भूमिकामा भएको कारणले गर्दा यसमा अत्यन्तै ख्याल गर्नुपर्छ भन्ने कुरा राख्न चाहान्छु । यो विधेयक अत्यन्त महत्वपूर्ण छ । सबैको चासो र चिन्ताको विषय पनि छ यसले सुदूरपश्चिम प्रदेशका जनताको भविष्यलाई पनि निर्धारण गर्ने यो विधेयक हो त्यसो भएको कारण यसलाई कार्यान्वयनको पाटो अत्यन्तै महत्व र अत्यन्तै प्रभावकारी

कार्यान्वयन होस र यसलाई यि दिएका सुझावहरु र कतिपय ठाउमा यि संशोधन गर्नुपर्ने कुराहरु संशोधन सहित यो विधेयक पास होस भन्ने कुराहरु राख्दै विदा हुन्छु धन्यवाद ।

**मा० कर्ण बहादुर मल्ल** :- माननीय सभामुख महोदय, आज भन्दा झण्डै झण्डै ७३-७४ बर्ष अगाडि यो देशमा स्वच्छ प्रतिस्पर्धाबाट जनप्रतिनिधिमुलक व्यवस्था कायम गर्नुपर्छ भनेर परिकल्पना गर्नु भएका दुईवटा नेपालका राजनितिका स्रदय राजनितिज्ञहरु उहा यतिबेला स्वच्छ राजनिति परिकल्पना सँगसँगै मुलुकमा अघि पूर्ववक्ता माननीयज्यूले भन्या जस्तै हुकुमी शासनबाट हुकुम प्रमाणित गरिकन राजसेवामा समावेश गर्ने जुन परिपाटि छ यो परिपाटिको पनि अन्तको लागि उहाले परिकल्पना गर्नु भएको थियो । उहाहरुका अभिव्यक्ति, उहाहरुका दस्तावेज, उहाहरुले आफ्नै नेपालको परिकल्पना गर्नु भएका घोषणा पत्रबाट प्रष्ट हुन्छ सभामुख महोदय, यि दुईवटै महान व्यक्तित्व महामानव विपि कोईराला स्वर्गिय वि.पि. कोईरालाको हिजो स्मृति दिवश र आज नेपाल कम्युनिष्ट आन्दोलनका संस्थापक स्वर्गिय पुष्पलाल श्रेष्ठको स्मृति दिवश यो दुईवटै दिन आज हाम्रो प्रदेशमा केन्द्रिय शासन प्रणाली हुदै गर्दा खेरिका बजेट आयोगहरु प्रति एउटा ठुलो वितिष्णा छ ती आयोगमा कार्यरत प्रमुख आयुक्त र कर्मचारीहरुको जुन गतिविधि छ त्यो गतिविधिको कारण धेरै आयोगहरु आज विभागयुक्त हुन सकेका छैनन सभामुख महोदय, यहि परिवेशमा यि महान दुईवटा हाम्रा राजनेताहरुको हिजो र आजको स्मृति दिवशका अवसरमा हाम्रो प्रदेशमा यो हरेक सुदूरपश्चिमका नागरिकले सुदूरपश्चिमको सरकार संघीय व्यवस्था आईसकेपछ यो नया व्यवस्था अनुरुप हामी संचालित भैसकेपछि यो तीन तहको सरकारको परिकल्पना आई सकेपछि यो प्रदेश सरकारमा सुदूरपश्चिम लोकसेवा आयोग गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी जुन कानूनको बारेमा आज हिजो र आज हामी यो गरिमामय सदनमा छलफलको प्रक्रियामा छौ यो प्रक्रियाको महत्वपूर्ण दिनमा यि दुईवटै महान व्यक्तित्व प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहान्छु र हामी यि राजनितिका अनुयायी रुपमा क्रियासिल सबै राजनितिकर्मिहरुलाई र यो समाजलाई उहाको प्रेरणाबाट हामीलाई सदैव क्रियाशिल रहने प्रेरणा मिलोस भनेर सुभेक्षा पनि व्यक्त गर्न चाहान्छु सभामुख महोदय, यदि भन्दै गर्दा खेरि यो विधेयक पास हुदै गर्दा २०७२ को संविधान अनुरुप कार्यान्वयन हुने गरिकन भन्ने शब्द उल्लेख गरिकन यो समानुपातिक र समावेशिताको शब्द हटाईन उपयुक्त हुन्छ भन्ने पूर्व माननीयज्यूहरुले यो गरिमामय सदन समक्ष माननीय सभामुख महोदय मार्फत यो आफ्नो अभिव्यक्ति राख्नु भएको छ यसमा म समर्थन गर्दै यो विधेयक पास भैसके पश्चात जसरी संवैधानिक आयोग प्रति आज मुलुकका जनताको, मुलुकका शैक्षिक व्यवस्थाको, मुलुकको संविधान अनि कानून प्रति विश्वास राख्ने ठुलो जमातको जुन अविश्वास पैदा भएको छ त्यो अविस्वाशको कम गर्न यो विधेयक पारित गर्दै गर्दा खेरि सुदूरपश्चिमको सरकारले गर्ने छ र त्यो प्रति हामी सिंगो सदन यो कार्यान्वयनको पक्षमा रहने छ भन्ने बचनवद्धताका साथ यो विधेयक पास भैसकेपछि कार्यान्वयनको पाटोमा जादै गर्दा खेरि अपाङ्ग सरकार सपाङ्ग हुने छ भन्ने विश्वासका साथ वैशाखिमा टिकेको सरकार साच्चीकै आफ्ना प्राकृतिक शक्ति सहित जनताको सेवामा र जनअपेक्षा अनुसार अगाडि जाने छ भन्ने आशाका साथ यो विधेयक परिमार्जित सहित पास हुन्छ भन्ने आफ्नो भनाई राख्दै विदा हुन्छु धन्यवाद ।

**मा० चुन कुमारी चौधरी** :- माननीय सभामुख महोदय, हाम्रो नेपालको संस्थापक नेता आदणीय पुष्पलाल श्रेष्ठको आज स्मृति दिवशको हार्दिक समवेदना प्रकट गर्न चाहान्छु । हाम्रो सुदूरपश्चिमको लोकसेवा विधेयक जो नेपालमा अहिले सबै भन्दा चर्चामा रहेको लोकसेवा विधेयक जो आज सुदूरपश्चिम प्रदेश सभाले अब अन्तिम चरणमा रहेको अवस्था छ । यो सुदूरपश्चिमको जनताको आवश्यकता र मर्मका लागि यो विधेयकले सुदूरपश्चिमका कर्मचारीको अभाव र विभिन्न

सुरक्षाकर्मिहरुको अभाव देखि लिएर आफ्नो चाहाना अनुसारको यो लोकसेवा विधेयक पास भैसकेपछि सुदूरपश्चिम प्रदेशले स्वईच्छा सहितको काम गर्न सकिन्छ त्यसैले आदणीय सभामुख महोदय, यो लोकसेवा विधेयक यो अत्यन्तै राम्रो छ यो लोकसेवा विधेयकमा कतिपय कुराहरु संविधान सभा जो धारा ४२ मा समानुपातिक ढंगले हाम्रो विषयको मापदण्ड अनुसार समावेशिलाई समानुपातिक समावेशिलाई लग्दा अत्यन्तै उचित हुन्छ जस्तो लाग्छ किन कि यहा हेर्दा खेरि समावेशि मात्रै देखिन्छ तर समावेशि समानुपातिक ढंगले जादा सबै अल्पसंख्यक जातिहरु पनि कम्तीमा उहालाई किन कि त्यो बर्गबाट आएका आदणीय सबै अल्पसंख्यक जातका आरक्ष कोटा लगायतका सबैले यो कार्यान्वयन त्यो विधेयक मात्रै नल्याएर त्यसलाई कार्यान्वयन प्रणालीतिर लैजान अझै उचित हुन्छ जस्तो लाग्छ त्यो विधेयक हाम्रो सुदूरपश्चिमको जनताको लागि अत्यन्तै महत्वपूर्ण छ त्यसैले यो सदनबाट हामी हाम्रो सुदूरपश्चिमको आवश्यकता अनुसारका यो नबाझिने गरि हाम्रा जनताको आवश्यकता यो विधेयकमा छलफल गरेर आएको छ । यो विधेयकलाई पास गर्न जरुरी छ छुटेका कुराहरुलाई पनि संलग्न गरेर जादा अझै उचित हुन्छ भन्दै म विदा हुन्छु हवस धन्यवाद ।

*(बोलि सकेपछि)*

**६. माननीय सदस्यहरू,**

"**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**७. माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

माननीय सभामुख महोदय, आज नेपाली कम्युनिष्ट आन्दोलनका शिखर व्यक्तित्व स्वर्गिय पुष्पलाल श्रेष्ठको स्मृति दिवश र हिजो नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व स्वर्गिय विशेश्वर प्रसाद कोईरालाको स्मृति दिवश हाम्रा ती महान नेताहरुको स्मृति दिवशको अवसरमा म दिभंगत नेताहरुप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहान्छु र हाम्रा महान नेताहरुले देखाएको आदर्शमा बाटोमा दृढतापूर्वक अगाढी बढ्ने प्रण गर्न चाहान्छु र उहाहरुका महान योगदानहरुलाई सदा स्रवदा स्मरण गर्ने कुरामा आ-आफ्नो क्षेत्रबाट हामी दृढता पूर्वक अगाढी बढ्ने छौ भन्ने कुराको म दृढटा व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय, "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि यसको सैद्धान्तिक पक्षहरु माथि हामीले व्यापक छलफल गरेका छौ । समितिमा संसदीय समितिमा विधायन तथा प्रदेश मामिला समितिमा हाम्रा माननीय सदस्यज्यूहरुले र हामी सबै सहभागि भएर दफावार छलफल गरेका छौ व्यापक छलफल गरेका छौ र आज पनि सो विधेयकका विभिन्न सन्दर्भहरुमा यहा छलफल भैरहेको छ। सुझाव आईरहेको छ। म सबै माननीय सदस्यज्यूहरुका महत्वपूर्ण सुझावहरुलाई माननीय सदस्यहरु माननीय महेश दत्त जोशी, माननीय भरत बहादुर खड्का, माननीय दुर्गा कुमारी कामी, माननीय कर्ण बहादुर मल्ल, माननीय चुन कुमारी चौधरी सबैका महत्वपूर्ण सुझावहरुको सम्मान गर्न चाहान्छु । यो प्रदेशको लागि सुदूरपश्चिम प्रदेश सरकारको लागि महत्वपूर्ण एउटा आधारस्तम्भको रुपमा रहेको विधेयक पारित गर्ने अवस्थामा छौ

त्यो एउटा महत्वपूर्ण अवसरमा छौ । हाम्रो प्रस्तावनामा यो प्रदेशको लोकसेवा आयोग कस्तो प्रकृतिको बनाउने कस्तो स्टक्चरको बनाउने भन्ने सन्दर्भमा हामी छलफल छौ । समावेशि हुनुपर्दछ यो सर्वस्वीकार्य तथ्य हो हामी भोली आगामी दिनमा प्रदेशको निजामति सेवा ऐन बनाउनेदा प्रदेशको प्रहरी ऐन बनाउदा यावद ढंगको हाम्रो प्रदेशलाई चाहिने ऐनहरु बनाउदा यसमा हामी गम्भिर छलफल गरेर बहुत ध्यान पुऱ्याएर हामी विधेयकहरु कानूनको रुपमा अगाडि बढाउने छौ । हाम्रो प्रस्तावनामा समानुपातिक समावेशि शब्द लेख्दा त्यो संविधान विपरित हुदैन र नलेख्दा त्यो संविधानको व्यवस्था र मर्म आएन कि भनेर त्यसमा चिन्ता मान्नु पर्ने स्थिति रहदैन नलेख्दाखेरि संविधानको व्यवस्था बमोजिम हुदैन कि भनेर चिन्ता मान्नुपर्ने स्थिति पनि रहदैन र लेखि हाल्दा त्यो संविधान विपरित पनि हुदैन र यो माननीय सदस्यज्यूले रिजल्ट प्रकाशन गर्ने कुरा खुला र समावेशिको रिजल्ट प्रकाशन गर्ने कुरा यो फरक फरक समयमा हुदा के त्यत्रो ठुलो अन्तर आउछ र फाइदा हुन्छ मैले चाहि बुझ्न  सक्या छैन बरु घाटा हुन्छ । समावेशिलाई पहिल्यै खुलालाई पछि  गर्दा उसै दिनमा पनि अगाढी र पछाढी गर्दा पनि खुलामा आउन सक्ने समावेशि समुदाय भित्रको परिक्षार्थिले पहिले समावेशिको कोटा निर्धारित कोटा हामीले प्रकाशित गर्दा खेरि खुलामा आउन सक्नेले समावेशिमा अक्योपाइ गर्छ योग्य व्यक्ति कम्पीडेन्ट क्यान्डिडेटले ओपन कम्पिटिसन गरेर आउन सक्ने व्यक्तिले पहिले समावेशिको नतिजा प्रकाशित गरिदिदा खेरि अरु समावेशिमा आउन सक्नेका हकमा छेकबार हुन्छ कि भनेर चिन्ता व्यक्त गर्नु स्वभाविक हुन्छ तर मैले त त्यसो भएका कारणले पहिले खुला त्यस पछि समावेशि त्यसपछि एकैपटकमा हो कि भन्ने अर्थमा बुझ्या थिए तर यहा त माननीय सदस्यज्यूहरुको केहि माननीइ सदस्यज्यूहरुको अलग अलग समयमा पहिले खुलाको गर्ने केहि समय पछि समावेशि गर्ने कुराले सँगै परीक्षा दिएको सँगै निस्कनु पर्ने उम्मेदवारले बढुवामा आन्तरिक जीवनको लिनु पर्ने राष्ट्रसेवाको काममा लाग्दाखेरि पाउँनु पर्ने कुरा हुन्छ उन्नती प्रगतिका कुराहरु एक घण्टाको फरकले पनि धेरै फरक पार्छ भने यहा धेरै पछि प्रकाशित गर्दा खेरि त्यसले समावेशिमा आउनेलाई पनि ठुलो धक्का लाग्छ त्यसो भएको कारणले हामीले पहिल्यै प्रकाशित गर्दा खेरि खुलालाई अगाढी गर्ने र साथसाथै समावेशिलाई गर्ने भनेर हामीले व्यवस्था गरेका छौ । यो व्यवस्थाले हाम्रो संविधानको मर्म भावनालाई उच्च सम्मान गर्छ र हाम्रा आदणीय जनसमुदायहरुको यो प्रदेशको लोकसेवामा आएर यो प्रदेशलाई सेवा गर्ने उच्च आकांक्षालाई सपनालाई पुरा गर्छ सम्बोधन गर्छ भन्ने हामीलाई लाग्दछ । अब म सबै माननीय सदस्यज्यूहरुका महत्वपूर्ण सुझावहरुलाई, दृष्टिकोणहरुलाई समावेश गरेर अझ परिस्कृत ढंगले हामीले यो विधेयकलाई पारित गर्नेछौ भन्ने कुरा आग्रह गर्न चाहान्छु । त्यस ढंगले हामी अगाढी बढ्नेछौ भन्ने कुराको म निबेदन गर्न चाहान्छु । यहाका महत्वपूर्ण सुझावहरुका निम्ती म धन्यवाद दिन चाहान्छु र यस ढंगबाट अगाढी बढोस भन्ने आग्रह गर्न चाहान्छु । धन्यवाद,

***(जवाफ दिईसकेपछि)***

**८. माननीय सदस्यहरू,**

अब,म  **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ४ (चार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ४ (चार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**९. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ८५ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ८५ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतील "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१०. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता, समानुपातिक र समावेशिता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २४४ को उपधारा (२) वमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ

**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६"** रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

***(पढेर सुनाएपछि)***

**११. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१२. माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय, **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**१३.माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१४. माननीय सदस्यहरू,**

“**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६**” माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**१५. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक सूचना प्रकाशित भए पछि बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।